अमृतं तु विद्या

विद्यालय कोड नं. १९०१८०००८
School Code: 190180008

# श्री सरस्वती माध्यमिक विद्यालय भक्तिपुर
## Shree Saraswati Secondary School Bhaktipur

ईश्वरपुर नगरपालिका-३, भक्तिपुर (सर्लाही)
Ishworpur Mun.-3, Bhaktipur (Sarlahi)
स्था. २०२१ (Estd:2021)

पान नः २०१२६०३५७
Pan No.201260357

प.स. :२०८३/०८४
च. न. ०१

प्रथम पटक प्रकाशित मितिः २०८३/०४/०४

श्री सम्बन्धित सबै ।

**विषय : सरूवा सहमतिका लागि दर्खास्त आह्वान सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा यस श्री सरस्वती माध्यमिक विद्यालय भक्तिपुर, ईश्वरपुर न.पा. ३, सर्लाहीको प्राथमिक तहमा कार्यरत शिक्षक श्री कुशलप्रसाद पोखरेल संकेत नं १४५१०२, मिति २०८३/०१/१७ सरूवा भई अन्य विद्यालयमा जानु भएकोले प्राथमिक तह, तृतीय श्रेणी को १ (एक) शिक्षक दरबन्दी रिक्त रहेको हुँदा शिक्षा नियमावली, २०५९ (दशौं संशोधन, २०८३) को सरूवासम्बन्धी व्यवस्थाबमोजिम उक्त दरबन्दी शिक्षक सरूवामार्फत पूर्ति गर्नुपर्ने भएकोले प्राथमिक तह, तृतीय श्रेणीको स्थायी दरवन्दीमा कार्यरत तथा सरूवाका लागि योग्य, इच्छुक शिक्षकहरूबाट यो सूचना प्रकाशित भएको मितिदेखि १५ दिन (२०८३/०४/१८ सम्म, कार्यालय समय) भित्र सरूवा सहमतिका लागि दर्खास्त आह्वान गरिएको छ ।

**पेश गर्नुपर्ने कागजातहरू**

१. सरूवाका लागि निवेदन
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
३. आफ्नो सेवा अवधि खुल्ने कागजात ।
४. स्थायी/अस्थायी नियुक्तिपत्रको प्रमाणित प्रतिलिपि ।
५. शैक्षिक योग्यता तथा तालिमका प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपि ।
६. हाल कार्यरत विद्यालय र स्थानीय तहमा हालको पदमा सुरू हाजिरी भएको कागजात ।
७. असाधारण तथा बेतलवी विदा लिए/नलिएको सम्बन्धित कागजात ।
८. विद्यालयको सहमति पत्र ।
९. सम्वन्धित स्थानीय तहको सहमति पत्र ।
१०. शिक्षा नियमावली (दशौं संशोधन, २०८३) बमोजिम प्राथमिकता दाबी गर्ने प्रमाण/कागजात (आवश्यक भएमा)
११. शिक्षा नियमावली २०५९ को अनुसूची १७ बमोजिमको फारम ।
१२. सम्पर्कका लागि Email:- saraswatissbhaktipur@gmail.com
Whatsapp तथा मो.नं. : ९८४४४५३६०३/९८५२०५८३१४

उक्त अवधिभित्र प्राप्त निवेदनहरू शिक्षा नियमावली, २०५९ (दशौं संशोधन, २०८३) तथा प्रचलित कानुनबमोजिम मूल्याङ्कन गरी आवश्यक प्रक्रिया अगाडी बढाइने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

भवदीय

विजय कुमार बानिया
प्र.अ.
श्री सरस्वती मा.वि. भक्तिपुर,
९८४४४५३६०३

प्रधानाध्यापक
श्री सरस्वती मा.वि. भक्तिपुर
ईश्वरपुर न.पा.-३, सर्लाही

**बोधार्थ:**

१. श्री शिक्षा विकास तथा समन्वय इकाइ, मलंगवा - जानकारी तथा वेबसाइटमा प्रकाशनका लागि ।
२. श्री शिक्षा यूवा तथा खेलकुद शाखा, ईश्वरपुर नगरपालिका - जानकारी तथा वेबसाइटमा प्रकाशनका लागि ।
३. श्री ईश्वरपुर नगरकार्यपालिका वडा नं. ३, वडा कार्यालय - जानकारीका लागि ।

CS CamScanner